स्थानीय सरकार

भोटेकोशी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक ३ नं. प्रदेश, नेपाल २०७३

## शीलबन्दी दरभाउपत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७६/११/०२**

यस गाउँपालिकाबाट चालु आ.व २०७६/०७७ को स्वीकृत कार्यक्रम अन्तर्गत निम्न अनुसारको सोलार खरीद कार्य शीलबन्दी दरभाउपत्रबाट गर्नु पर्ने भएको हुदा प्रचलित कानुन बमोजिम बैकल्पिक उर्जा प्रबर्धन केन्द्रमा सौर्य प्रणाली अन्तर्गत सूचीकृत इजाजत प्राप्त सोलार कम्पनीहरुबाट तपशील बमोजिमका शर्तहरूको अधिनमा रही शीलबन्दी दरभाउ पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

- शीलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म यस गाउँकार्यपालिकाको कार्यालयबाट खरीद गर्न सकिनेछ ।
- शीलबन्दी दरभाउपत्र खरीद गर्ने दरभाउपत्रदाताले शीलबन्दी दरभाउपत्र सम्बन्धी कागजात वापत लाग्ने दस्तुर रू १००० यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड चौतारा शाखाको गाउँपालिकाको सञ्चित खाता नं ०५७०३००००००००४००१००२ मा जम्मा गरेको सक्कलै भौचर वा नगदै, नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मु. अ. कर दर्ता प्रमाण पत्र र आ. व . २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाण पत्रहरूको नोटरी पब्लिकबाट प्रमाणीत गरेको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
- खरीद भएका शीलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएका सबै विवरणहरू प्रष्टसँग भरी प्रत्येक पानामा सही छाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२: ०० भित्र शीलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।
- कार्यालयबाट जुन फर्मको नाममा शीलबन्दी दरभाउपत्र खरीद गरिएको हो सोही फर्मको नामबाट मात्र दरबाउपत्र दर्ता दाखिला गर्न सकिने छ ।
- दर्ता गरिएका शीलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको २ : ०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शीलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- शीलबन्दी दरभाउपत्र दर्ता गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयमा शीलबन्दी दरभाउपत्रहरु दर्ता गर्ने र खोलिने काम हुनेछ ।
- शीलबन्दी दरभाउपत्रसाथ जमानत वापतको कवोल अंकको ३ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चौतारामा रहेको धरौटी खाता नं ०५७०३०००००००००३०००००८८ मा कार्यालयको नाममा नगदै जम्मा गरेको सक्कले भौचर वा घटीमा दरभाउपत्र दर्ता गर्ने ९० दिन म्याद भएको क वर्गको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको र कार्यालयलाई मान्य ढाँचाको सक्कलै बैंक ग्यारेन्टी अनिवार्य रुपले शीलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।नगद जमानत शीलबन्दी दरभाउपत्र स्वीकृत भएमा पछी ग्यारेन्टीमा परिवर्तन गर्न पाईने छैन ।
- शीलबन्दी दरभाउपत्रसाथ शर्त रहित, केरमेट नभएको, मूल्य पत्र लगायत कार्यालयबाट उपलब्ध गराईएका दस्तावेजहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ ।दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा शीलबन्दी दरभाउपत्र दाताको दस्तखत र छाप अनिवार्य लगाएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनामा भएका शर्तहरू विपरीतको शीलबन्दी दरभाउपत्र माथि कुनै कारवाही हुने छैन । दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्याता दिईने छ ।
- नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै प्रकारका करहरू तथा स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरू (भ्याट बाहेक) दररेटमा समावेश गर्नु पर्नेछ ।
- शीलबन्दी दरभाउपत्र, स्पेसिफिकेसन र ठेक्का सम्बन्धी अन्य कुनै दस्तावेजमा (भाषागत समेत) त्रुटी भएमा वा अर्को अर्थ लागेमा कार्यालयलाई कुनै पनि बेला सो सच्याउन बाधा पर्ने छैन । सो सम्बन्धमा यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ । शीलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा शीलबन्दी दरभाउपत्र खरीद गरेका फर्महरुले यस कार्यालयबाट प्राप्त गर्न सक्नेछन ।
- शीलबन्दी दरभाउपत्र दर्ता गर्ने म्याद समाप्त भएमा वा रीत नपुगी प्राप्त हुन आएका शीलबन्दी दरभाउपत्र उपर कारवाही गरिने छैन ।
- शीलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तपशील :

| सि.नं | ठेक्का नं | कामको विवरण | ल.ई (भ्याट बाहेक) | जमानत वा विडवण्ड रकम | शीलबन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ११/२०७६/०७७ | सोलार जडान कार्य | १०,९९,६००। | ३३,५००। | १००० |

प्रमुख प्रशासकीय अधिकृत